# सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनको लागि आवेदन सम्बन्धी

## अत्यन्त जरुरी सूचना

( मिति २०७६।०८।०१ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित )

प्राविधिक तथा व्यावसायिक धार तर्फको शिक्षालाई विस्तार गर्ने नेपाल सरकारको नीति बमोजिम विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका २०६९ ( दास्रो संसोधन २०७५) अनुसार हाल सम्म साविकको शिक्षा विभागबाट अनमति लिई सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन भएका एवम् प्राविधिक शिक्षा तथा व्यावसायिक तलिम परिषदबाट समेत आङ्गिक कलेज वा ट्रेड स्कुलको रुपमा अनुमति लिइ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका र साझेदारीमा कायक्रम सञ्चालन गरिरहेका स्थानीय तहहरु बाहेकका बाँकी स्थानीय तहहरुमध्ये छनौटमा परेका नगरपालिका गाँउपालिका भित्रका १/१ वटा समादियक माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०७७ बाट सो कार्यक्रम सञ्चालन गर्न देशभरका लागि ५० वटा कोटा निर्धारण भएकोले उक्त निर्देशिकामा तोकिएको पुर्वाधार पुगेका सामुदायिक माध्यमिक विद्यालयहरुले २०७६ मंसिर मसान्त भित्र निर्देशिकाको अनुसुची २ मा तोकिए बमोजिमको ढाँचामा आवश्यक कागजातहरु संलग्न गरी सम्बन्धित तहबाट प्राविधिक धार सञ्चालनका लागि दिइएको अनुमति पत्र र सिफारिस सहित सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ । सम्वन्धित निर्देशिका शिक्षा तथा मानवस्रोत विकास केन्द्रको वेब साइट www.doe.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

पुनश्च : सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाइले आवेदक विद्यालयहरुको निर्देशिका बमोजिमको जिल्ला कार्यान्वयन समितिबाट मिति २०७६ पुष १५ भित्र मूल्याङ्कन गराई मिति २०७६ पुष २२ गते भित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा आइपुग्ने गरी सिफारिस सहित पठाउने व्यवस्था मिलाउनु हुन यो सूचना जारी गरिएको छ ।